पाल्हीनन्दन गाउँपालिका
Palhinandan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
कुश्मा, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल
Kushma, Nawalparasi (Ba.Su.Pa.), Lumbini Province, Nepal

पत्र संख्या (Letter No.):०७९/८०
चलानी नं. (Ref. No.) :

मिति:२०७९।१२।०१

**सुचना !** **सुचना !!** **सुचना !!!**

## विपन्न आवास कार्यक्रम

आ.ब. २०७९।०८० प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत आवास भवन निर्माणका लागि प्राप्त अनुदान रकमबाट आर्थिक रुपले अति विपन्न समुदायका नेपाली नागरिकहरुको आवास निर्माण गर्ने कार्यक्रम रहेको हुदा यस गाउँपालिकाको ६ वटै वडामा स्थायी रुपमा बसोबास गर्ने नागरिकहरु मध्येबाट लाभग्राही छनौटको कार्य अगाडी बढाउने प्रयोजनका लागि सम्भावित लाभग्राहीहरुको निवेदन संकलन गर्ने उद्देश्यले स्थानिय विपद व्यवस्थापन समितीको मिति २०७९।११।१९ गतेको निर्णय अनुसार यो सुचना प्रकाशित गरिएको छ । गाउँपालिकाबाट स्विकृत डिजाइन र स्पेशिफिकेशन तथा लुम्बिनी प्रदेश सरकारको जनता आवास कार्यक्रम कार्यान्वयन कार्य विधि २०७५ मा रहेको प्रावधानको पालना गरि घर निर्माण गर्न इच्छुक अति विपन्न जाति तथा समुदायका विपन्न वर्गहरुले सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र तपशिलका कागजातहरु सहित गाउँकार्यपालिकाको कार्यालयबाट निशुल्क रुपमा प्राप्त हुने निवेदन फारम भरि गाउँकार्यपालिकाको वातावरण,सरसफाइ तथा विपद व्यवस्थापन इकाइमा बुझाउनुहुन जानकारी गराइन्छ । तोकिएको म्याद भित्र निवेदन नबुझाए वा झुठ्ठा विवरण/ नक्कली प्रमाण पेश गरेको कारणले उक्त सुविधाबाट बन्चित हुन गएमा कार्यालय जवाफदेहि हुने छैन ।म्याद भित्र दर्ता हुन आएका निवेदकहरुको घरको हालको भौतिक अवस्थाको कार्यालयबाट अनुगमन गरी सोही अधारमा गाउँपालिकाले २४ जना लाभग्राही छनौट गर्ने समेत जानकारी गराइन्छ ।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

क) निवेदक वा घरमुलिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

ख) जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी वा विगत देखी त्यस स्थानमा आवास / स्थायी बसोबास गर्दै आएको भनि सम्बन्धित वडा कार्यालयको सिफारीस ।

ग) हाल बसोबास गरेको घरको घरमुलि सहित देखिने गरी खिचिएको फोटो ।

घ) एकाघर भइ छुट्टीएको घरधुरीले आवेदन फारमसाथ अनिवार्य अंशवन्डा/ छुट्टीएको सिफारी कागजात ।

ङ) अति विपन्न प्रमाण खुल्ने कागजातहरु ।

कृष्ण प्रसाद तिमिल्सिना
प्रमुख प्रशासकीय अधिकृत

**Website :** http://palhinandanmun.gov.np , **Email :** palhinandanrulmun2073@gmail.com, info@palhinandanmun.gov.np

Scanned with CamScanner